# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७५
# कर्णाली प्रदेश




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७५
# कर्णाली प्रदेश

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

*Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# कर्णाली प्रदेश



# नेपालका
# महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

प.सं. :- २०७५/०७६
च.नं. :- ५८

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषय: वार्षिक प्रतिवेदन ।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
कर्णाली प्रदेश, विरेन्द्रनगर सुर्खेत ।

नेपालको संविधानको धारा २४१ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय,

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

आज्ञाले
२०७५/१२/२८
(विवेकानन्द घिमिरे)
नायब महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

# विषय-सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | |
| **सञ्चितकोष हिसाबको लेखापरीक्षण प्रतिवेदन** | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | |
| **परिच्छेद १:** | **लेखापरीक्षण गरिएका निकायको विवरण** | १ |
| **परिच्छेद २:** | **लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति** | ३ |
| **परिच्छेद ३:** | **मन्त्रालय र निकायगत व्यहोरा** | ७ |
| | १. प्रदेश सभा सचिवालय ........ | ७ |
| | २. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ | ९ |
| | ३. आर्थिक मामिला तथा योजना मन्त्रालय ........ | १३ |
| | ४. आन्तरिक मामिला तथा कानुन मन्त्रालय ........ | १५ |
| | ५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ........ | १६ |
| | ६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ........ | १७ |
| | ७. भौतिक पूर्वाधार विकास मन्त्रालय ........ | १९ |
| | ८. सामाजिक विकास मन्त्रालय ........ | २० |
| | ९. मुख्य न्यायाधिवक्ताको कार्यालय........ | २१ |
| **परिच्छेद ४:** | **प्रतिवेदन कार्यान्वयनको स्थिति........** | २२ |
| **परिच्छेद ५:** | **सुधारका क्षेत्रहरु........** | २३ |
| **अनुसूचीहरु :** | १. लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण........ | २५ |
| | २. लेखापरीक्षण रकम........ | २६ |
| | ३. वेरुजु वर्गीकरण........ | २७ |
| | ४. लेखाउत्तरदायी अधिकृतहरुको विवरण र सो अवधिको बेरुजु स्थिति........ | २८ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४० मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा महालेखा परीक्षकको नियुक्ति गर्ने व्यवस्था छ । संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने उल्लेख छ ।

त्यसैगरी नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ अनुसार महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ ।

नेपालको संविधानको धारा २९४(३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । उल्लिखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७४/७५ को प्रदेशस्तरका कार्यालयको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छु । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) बमोजिम उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश हुने व्यवस्था छ । यसरी प्रदेश सभामा पेश भएको प्रतिवेदन प्रदेश सभा नियमावलीबमोजिम प्रदेश सार्वजनिक लेखा समितिमा छलफलको व्यवस्था गरी कार्यान्वयनको सुनिश्चिततताको अपेक्षा गर्दछु ।

यो प्रतिवेदन तयार गर्दा नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५, अन्य संघीय तथा प्रदेश कानुनहरु र महालेखापरीक्षकले जारी गरेका निर्देशक दस्तावेजहरु र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन ( इन्टोसाइ) र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन(एसोसाई) द्वारा प्रतिपादित मानदण्डहरु र अन्य अन्तर्राष्ट्रिय असल अभ्यासहरुसमेत अनुशरण गर्दै वस्तुनिष्ठ हुने गरी तयार गरिएको छ ।

लेखापरीक्षणको क्रममा म स्वयंले माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीहरु तथा लेखाउत्तरदायी अधिकृतलगायत सरोकारवाला पक्षहरुसँग आवश्यक छलफलका साथै सूचना, राय, सुझाव संकलन गरी लेखापरीक्षणलाई गुणस्तरीय, परिणाममुखी एवं उद्देश्यमूलक बनाउने प्रयास गरेको छु । यस प्रतिवेदनमा सार्वजनिक निकायबाट प्रचलित कानुनको पालना, वित्तीय काम कारबाहीमा जवाफदेहिता वहन, अद्यावधिक लेखा, आर्थिक कारोबारको स्थिति, स्रोतको चुहावटबाट सरकारी हानी नोक्सानीको पहिचानजस्ता विषयलाई लेखापरीक्षणबाट निर्क्योल गर्ने प्रयास गरिएको छ ।

यस वर्ष प्रदेश सरकारअन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ७ मन्त्रालय, प्रदेश सभा सचिवालय, मुख्य न्यायायिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १० निकायको रु. २३ करोड ७८ लाख ५२ हजारको लेखापरीक्षण सम्पन्न भएकोमा ४ निकायमा रु. १ लाख ७७ हजार बेरुजू कायम भएको छ । यो बेरुजू कुल लेखापरीक्षण अंकको ०.०७ प्रतिशत हुन आउँछ ।

आर्थिक वर्ष २०७४/७५ को प्रदेशअर्न्तगतका कार्यालयहरुको लेखापरीक्षणबाट मूलतः आवश्यकताअनुसार सबै कानून निर्माण हुन नसकेको, कतिपय कानुनी व्यवस्था संघीय कानुनसँग सामन्जस्य नभएको, दरबन्दीबमोजिम कर्मचारीको पदपूर्ति हुन नसकेको, संगठनात्मक संरचनामा दोहोरोपना देखिएको, आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउने र उठाउने गरी बजेटमा प्रस्ताव नभएको, बजेट वक्तव्यमा उल्लेख भएका कतिपय नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, प्रतिस्पर्धाबेगर सोझै वस्तु तथा सेवा खरिद गरेको, प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार नगरेको, निकायगत कार्यको प्रकृति अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु देखिएका छन् ।

यस प्रतिवेदनमा संघीयता कार्यान्वयनका सन्दर्भमा देखिएका विषयहरु समावेश गरिएको छ । संघीय प्रणालीमा प्रदेशस्तरमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपि नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट प्रदेशस्तरको शासकीय व्यवस्था संचालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

प्रदेशको संरचनाले संघ र स्थानीय तहबीच समन्वय कायम गरी प्रदेश सरकारका आर्थिक क्रियाकलापमा वित्तीय अनुशासन कायम गर्न र उपलब्ध स्रोत साधनको अधिकतम् प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह, रोजगारी सिर्जना जस्ता कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्नेछ । साथै सम्बन्धित प्रदेश सरकारले संघीय सरकारको अनुदानप्रतिको निर्भरतालाई क्रमशः घटाउँदै नेपालको संविधान बमोजिम आफ्नो कार्यभित्र परेका स्थानीय श्रोत साधनमार्फत् आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, माननीय प्रदेश सभामुखज्यू तथा उप-सभामुखज्यू र प्रदेश सभा सदस्यज्यूहरु, प्रदेश सरकारका सबै निकाय र पदाधिकारीहरुलगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


प.सं. :- २०७५/०७६

च.नं. :- ४८

मिति :- २०७५।१२।२७

**विषय : संचितकोष हिसाबको लेखापरीक्षण प्रतिवेदन ।**

श्री सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत ।

१. **आर्थिक विवरणउपर प्रतिवेदन**- हामीले नेपाल सरकार कर्णाली प्रदेशको संचितकोषको २०७५ असार ३२ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक विवरण र तत्सम्बन्धमा अपनाएका आधार तथा लेखा टिप्पणीको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **आर्थिक विवरणउपर व्यवस्थापनको जिम्मेवारी**- कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली,२०७५ र प्रचलित कानुन, नेपाल सार्वजनिक क्षेत्र लेखामान, अभ्यास र प्रचलनअनुरुप आर्थिक विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारीअन्तर्गत आर्थिक विवरण जालसाजी, त्रुटि र गलत आंकडारहित सारभूतरुपमा प्रस्तुतीकरण गर्ने, निकायको लागि आवश्यक आन्तरिक नियन्त्रण प्रणाली विकास गरी निरन्तर प्रभावकारी हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट गरी कार्यान्वयन गर्ने आवश्यकताअनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**- हाम्रो जिम्मेवारी प्रस्तुत आर्थिक विवरणउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपालको संविधान र लेखापरीक्षण ऐन,२०७५, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनका आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनअनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र आर्थिक विवरण सारभूतरुपमा गलत आंकडारहित प्रस्तुत भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तद्अनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

आर्थिक विवरणमा खुलासा गरिएको सूचनाका बारेमा पुष्ट्याईं गर्ने, यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण, आंशिक वा छड्के परीक्षण गर्ने विषय लेखापरीक्षण कार्यविधिमा समावेश हुन्छ । लेखापरीक्षण कार्यविधिमा आर्थिक विवरण सारभूतरुपमा जालसाजी वा त्रुटि वा गलत आंकडा प्रस्तुति हुन सक्ने कुरालाई मध्यनजर राख्दै अवलम्बन गरिने लेखापरीक्षण जोखिमको मुल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षण जोखिमको मुल्यांकन गर्ने क्रममा निकायको आर्थिक विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण व्यवस्था तथा उपयुक्तताबारेमा परीक्षण गरिएको भएतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । आर्थिक विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्ततालगायत आर्थिक विवरणको समग्र स्थितिको मुल्यांकन गर्ने कार्य लेखापरीक्षणअन्तर्गत पर्दछ । हामीलाई लेखापरीक्षणमा प्राप्त भएका प्रमाणहरुले कैफियतसहितको राय व्यक्त गर्न पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-** कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पर्ने व्यहोरा निम्न अनुसार छन्:

४.१ प्रदेश लेखा नियन्त्रक कार्यालयले सञ्चित कोषको आर्थिक विवरण नेपाल सरकारले २०६६।५।३० मा स्वीकृत गरेको नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम तयार गर्नुपर्नेमा गरेको छैन । प्रदेश सञ्चित कोषको आर्थिक विवरण तयार गर्ने लेखा ढाँचा प्रचलित कानुनबमोजिम स्वीकृत गराएको छैन ।

४.२ यस वर्ष लेखापरीक्षणबाट रु.१ लाख ५ हजार असुलउपर गर्नुपर्ने र रु.७२ हजार नियमित गर्नुपर्ने समेत रु. १ लाख ७७ हजार बेरुजू देखिएको छ ।

४.३ प्रदेश सरकारको लागि रु.१ अर्ब २ करोड ५ लाख समानीकरण अनुदान प्राप्त भएको मध्ये रु.२३ करोड ४२ लाख ९९ हजार खर्च भई रु. ७८ करोड ६२ लाख २ हजार प्रदेश सञ्चित कोषमा बाँकी रहेको छ ।

४.४ ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यबस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन् ।

५. **लेखापरीक्षकको राय-** हामीलाई उपलब्ध गराइएको स्रेस्ता, अभिलेख, सूचना जानकारीका आधारमा हाम्रो रायमा अनुसूची-४ मा उल्लेख भएका व्यहोराले पार्ने सारभूत असरबाहेक प्रदेश सरकारको सञ्चित कोषको आर्थिक विवरणले २०७५ असार ३२ गते समाप्त भएको आर्थिक बर्षको आर्थिक कारोबारलाई नेपाल सरकारको लेखा प्रणालीअनुसार सही र यथार्थ चित्रण गर्दछ ।

(राममाया कुँवर)
उपमहालेखापरीक्षक

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्न लेखापरीक्षणले देहायअनुसारका उद्देश्य राखिएको छ :

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थस्थिति चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापनमा पर्याप्त व्यवस्था गरेको,
- सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग र प्रदेश कार्यालयसमेत १० निकायको २०७४।७५ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालनमा विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन २०७५ अनुशरण गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जोखिम मूल्याङ्कनपश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण संकलन गर्न आवश्यकतानुसार नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरिएको छ । लेखापरीक्षण योजना तथा कार्यक्रमको पूर्व जानकारी लेखाउत्तरदायी अधिकृतलाई गराईएको थियो । यस अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सोउपर निकायबाट प्राप्त जवाफ प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ ।

लेखापरीक्षणको क्रममा लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख, लेखा प्रमुख, नागरिक समाजसम्बद्ध संस्था, सञ्चारकर्मीबीच अन्तर्क्रिया र छलफल गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । यसैगरी प्राविधिकलगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ तथा विशेषज्ञ नियुक्ति गरी लेखापरीक्षणमा संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेश गर्न सक्ने नेपालको संविधानको धारा २९४ (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा ४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति, परिच्छेद ३ मा मन्त्रालय र निकायगत व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयनस्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ ।

# परिच्छेद – १
# लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

| लेखापरीक्षण गरिएका निकाय र विषय | | संख्या | रकम (रु. हजारमा) |
|---|---|---|---|
| (क) | वित्तीय लेखापरीक्षण | | |
| १. | सरकारी कार्यालय | १० | २३७८५२ |
| | **जम्मा** | **१०** | **२३७८५२** |

यो वर्ष प्रदेश मातहतका १० निकायको रु.२३ करोड ७८ लाख ५२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण **अनुसूची १** मा उल्लेख छ।

१. **सरकारी निकाय–** यो वर्ष प्रदेश मातहतका १० कार्यालयको विनियोजन/राजस्व/धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| क्र.सं. | कारोबार | लेखापरीक्षण सम्पन्न | | |
|---|---|---|---|---|
| | | २०७४।७५ को रकम | बक्यौता | जम्मा |
| १. | विनियोजन निकासा | २३४३२४ | ० | २३४३२४ |
| २. | राजस्व असुली | ० | ० | ० |
| ३. | धरौटी आम्दानी | ४७३ | ० | ४७३ |
| ४. | अन्य | ३०५५ | ० | ३०५५ |
| | **जम्मा** | **२३७८५२** | **०** | **२३७८५२** |

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची २** मा उल्लेख छ।

२. **लेखापरीक्षण कार्यविधि –** यो वर्ष प्रदेश कार्यालयको लेखापरीक्षण गर्दा जोखिम विश्लेषणसहितको विस्तृत लेखापरीक्षण कार्यविधि अवलम्बन गरी सम्पन्न गरिएको छ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयन स्थिति**

३. **प्रदेश बजेट तथा खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७४।७५ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु. हजारमा)

| शीर्षक/क्षेत्र | २०७४।७५ को | | |
|---|---|---|---|
| | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु खर्च | ४३९३०३ | १२२६७५ | २७.९२ |
| पुँजीगत खर्च | ५८११९७ | १११६४९ | १९.२१ |
| **जम्मा** | **१०२०५००** | **२३४३२४** | २२.९६ |

४. **खर्चको स्थिति –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने निकायको खर्चको विवरण निम्नानुसार छ।

(रु. हजारमा)

| | | चालु खर्च | | पुँजीगत खर्च | | कूल खर्च | |
|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **मन्त्रालय** | **रकम** | **खर्चको प्रतिशत** | **रकम** | **खर्चको प्रतिशत** | **रकम** | **खर्चको प्रतिशत** |
| १ | प्रदेश सभा सचिवालय | २७७३२ | २२.६१ | ४७९९७ | ४२.९९ | ७५७२९ | ३२.३१ |
| २ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १७४७८ | १४.२५ | १७९३८ | १६.०७ | ३५४१६ | १५.११ |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १५६५५ | १२.७६ | ९०७२ | ९.१२ | २४७२७ | १०.५५ |
| ४ | सामाजिक विकास मन्त्रालय | १५३३८ | १२.५० | ८३५८ | ७.४९ | २३६९६ | १०.११ |
| ५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १४९८९ | १२.२२ | ७३७२ | ६.६० | २२३६१ | ९.५५ |
| ६ | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | ११५५४ | ९.४२ | ७००९ | ६.२८ | १८५६३ | ७.९३ |
| ७ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ११०६१ | ९.०२ | ६८२५ | ६.११ | १७८८६ | ७.६३ |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ७७८१ | ६.३४ | ६६८० | ५.९८ | १४४६० | ६.१८ |
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ५८८ | ०.४८ | ३९८ | ०.३६ | ९८७ | ०.४२ |
| १० | प्रदेश लेखा नियन्त्रक कार्यालय | ४९९ | ०.४० | ० | ०. | ४९९ | ०.२१ |
| | **जम्मा** | **१२२६७५** | **१००** | **१११६४९** | **१००** | **२३४३२४** | **१००** |

५. **स्रोतगत खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७४।७५ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छ:

(रु.हजारमा)

| **स्रोत** | **२०७४।७५ को** | | **अनुमानको तुलनामा खर्च प्रतिशत** |
|---|---|---|---|
| | **अनुमान** | **यथार्थ खर्च** | |
| संघीय सरकार अनुदान | १०२०५०० | २३४३२४ | २२.९६ |
| **जम्मा** | **१०२०५००** | **२३४३२४** | **२२.९६** |

५.१. यो वर्ष प्रदेश सरकारबाट भएको कुल खर्च रु.२३ करोड ४३ लाख २४ हजार संघीय अनुदानबाट व्यहोरेको छ ।

५.२ यो वर्ष चालुतर्फ रु.१२ करोड २६ लाख ७५ हजार खर्चमध्ये सञ्चित कोषमाथि व्ययभार भएको खर्च रु.१४ लाख ८३ हजार रहेको छ ।

६. **राजस्व असुली –** सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन भए तापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कुनै पनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरण (बजेट) मा राजस्वको अनुमान समावेश गरेको छैन ।

७. **छलफल र अन्तरक्रिया -** महालेखापरीक्षकको २०७४।७५ को लेखापरीक्षण कार्य तालिकाअनुसार दोस्रो चरणको लेखापरीक्षण कार्यक्रमअन्तर्गत २०७५ मङ्सिरको पहिलो हप्तामा प्रदेश सरकारलगायत अन्य संघीय निकायको समेत लेखापरीक्षण सम्पन्न गर्न जिल्लाको कार्य बोझको आधारमा १ भन्दा बढी लेखापरीक्षण टोली खटाइएको थियो ।

यसै सिलसिलामा २०७५।०८।१८ गते महालेखापरीक्षकबाट कर्णाली प्रदेशका मुख्यमन्त्रीको प्रमुख आतिथ्यमा सुर्खेत जिल्लाको वीरेन्द्रनगरस्थित जिल्ला समन्वय समितिको सभा हलमा एक दिने अन्तरक्रियात्मक गोष्ठिको आयोजना गरिएको थियो । सोही दिन कर्णाली प्रदेशका प्रदेश प्रमुख, मुख्यमन्त्री, मन्त्रिपरिषद्का सदस्यहरु एवं प्रदेश मन्त्रालयका सचिवहरुसँग भेटघाट एवं छलफल कार्यक्रम सम्पन्न गरिएको थियो ।

यसैगरि प्रदेश सभाका सभामुखसँग शिष्टाचार भेट गरी प्रदेशले निर्माण गरेको कानुन, संसदीय समितिले गरेका काम कारबाहीको अतिरिक्त सार्वजनिक लेखा समितिलाई प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो । लेखापरीक्षण सुपरिवेक्षणको क्रममा भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको निरीक्षण अवलोकन कार्य सम्पन्न भएको थियो ।

# परिच्छेद – २

# लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

१. **बेरुजू -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(द) ले प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरेको छ। प्रदेश कार्यालयअन्तर्गत यो वर्ष उपर्युक्त परिभाषा बमोजिम बेरुजू ठहरिने रकम देहायअनुसार रु.१ लाख ७७ हजार रहेको छः

(रु.हजारमा)

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | प्रदेश कार्यालयको बेरुजू | १७७ |
| | **जम्मा** | **१७७** |

२. **बेरुजू वर्गीकरण –** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ। यो वर्ष प्रदेश कार्यालयतर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अङ्क निम्नानुसार छः

(रु. हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | कुल वेरुजूको प्रतिशत |
|---|---|---|
| **जम्मा बेरुजू** | **१७७** | **१००** |
| **१. असुल गर्नुपर्ने** | **१०५** | **५९.३२** |
| **२. नियमित गर्नुपर्ने** | **७२** | **४०.६८** |
| • अनियमित भएको | ० | ० |
| • प्रमाण कागजात पेस नभएको | ७२ | १०० |
| • जिम्मेवारी नसारेको | ० | ० |
| • शोधभर्ना नलिएको | ० | ० |
| **३. पेस्की** | **०** | **०** |
| • कर्मचारी पेस्की | ० | ० |
| • मोबिलाइजेसन पेस्की | ० | ० |
| • प्रतीतपत्र पेस्की | ० | ० |
| • संस्थागत पेस्की | ० | ० |

बेरुजू वर्गीकरणको विवरण **अनुसूची – ३** मा उल्लेख छ।

२.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजू फछ्र्यौट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सोही ऐनको दफा ३५ मा औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्र्यौट गर्ने र फछ्र्यौट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। सोही व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७४।७५ को बेरुजू फछ्र्यौट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम अनुसूची ४ मा समावेश गरिएको छ।

२.२ प्रदेश कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्ः

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १. | सामाजिक विकास मन्त्रालय | २५१७१ | ६३ | ० | ० | ६३ | ३५.५९ | **०.२५** |
| २. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १५८२७ | ४२ | १४ | ० | ५६ | ३१.६४ | **०.३५** |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २४०९८ | ० | ५५ | ० | ५५ | ३१.०७ | **०.२३** |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १९९२१ | ० | ३ | ० | ३ | १.७० | **०.०१** |
| | **जम्मा** | **८५०१७** | **१०५** | **७२** | **०** | **१७७** | **१००** | **०.२१** |

२.३ यो वर्ष प्रदेश मातहतका १० निकायको प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा ६ कार्यालय (६०.०० प्रतिशत) मा लगती बेरुजू देखिएन ।

२.४ यो वर्ष प्रदेश मातहतका १० कार्यालयको ८८ दफा बेरुजू देखिएकोमा ८२ दफा सैद्धान्तिक र ६ दफा लगती बेरुजू कायम भएको छ ।

२.५ प्रदेश कार्यालयतर्फ यो वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत | पेस्कीबाहेकको बेरुजू | पेस्की बाहेकको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| पहिलो | २३७८५२ | १७७ | ०.०७ | १७७ | ०.०७ |

प्रदेश कार्यालयको निकायगत लेखापरीक्षण अङ्क, बेरुजू र लेखाउत्तरदायी अधिकृतहरुको विवरण **अनुसूची ४** मा रहेको छ ।

३. **बेरुजू न्यूनीकरण -** प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औँल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरु स्थापनाको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, आर्थिक कार्यविधि, खरिदलगायतका कानुनको पालना र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरीमार्फत सुरु देखिनै बेरुजू न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

## लेखापरीक्षणबाट देखिएका समग्र व्यहोराहरु

४. **कानुन निर्माण :** प्रदेश सरकारले तत्काल आवश्यक पर्ने कानुनको पहिचान गरेको देखिएन । प्रदेशले २०७५ मार्गसम्ममा प्रदेश ऐन १७, प्रदेश नियमावली ६ र कार्यविधि निर्देशिका १४ स्वीकृत गरी कार्यान्वयनमा रहेको छ । प्रदेश सभाले पारित गरेको १७ ऐनमध्ये कानुन निर्माण प्रक्रियालाई व्यवस्थित गर्न ६, आर्थिक कार्य प्रणाली व्यवस्थित गर्न ८ र पदाधिकारीहरुको पारिश्रमिक सुविधासम्बन्धी कार्य व्यवस्थित गर्ने ३ रहेको छ । विभिन्न मन्त्रालय तथा निकायसँग सम्बन्धित अति आवश्यक कानुन निर्माण हुन नसकेकोले प्रदेश सरकारको कार्य सञ्चालन प्रभावकारी हुन सकेको देखिएन ।

५. **कानुनमा सामन्जस्यता:** प्रदेशले बनाएको कानुन संघीय कानुनसँग सामन्जस्य हुनुपर्दछ । प्रदेशले बनाएको कानुनमा संघीय कानुनसँग फरक देखिएका केही उदारहण देहाय बमोजिम प्रस्तुत गरिएको छ:

| प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा र व्यवस्था | | आर्थिक कार्यविधि ऐन २०५५ र नियमावली २०६४ को दफा र व्यबस्था | |
|---|---|---|---|
| २१.१ | प्रोद्भावी लेखा प्रदेश सरकारले स्वीकृत गर्ने | ऐन १०.२ | लेखा ढाँचा महालेखापरीक्षकले स्वीकृत गर्ने व्यवस्था |
| २१.२ | प्रदेश लेखा नियन्त्रक कार्यालयले ढाँचा तयार गरी महालेखापरीक्षकबाट स्वीकृत गराउनु पर्ने | ऐन १०.३ | लेखाको ढाँचा स्वीकृत गराउने तथा लागु गर्ने गराउने कर्तव्य महालेखा नियन्त्रकको हुने व्यवस्था |
| ३२.६ | आन्तरिक लेखापरीक्षणले दिएका सुझावहरुको सम्बन्धमा कारणसहित हटाएकोमा बाहेक अन्य | नियम ९६.८ | आन्तरिक लेखापरीक्षणबाट निस्केको फछ्र्यौट हुन बाँकी बेरुजु अन्तिम लेखापरीक्षकलाई दिईने र |

| | | | |
|---|---|---|---|
| | सुझावहरुलाई अन्तिम लेखापरीक्षकले आफ्नो सुझावमा प्रस्तुत गर्नुपर्ने | | अन्तिम लेखापरीक्षण भएपछि आन्तरिक लेखापरीक्षण बेरुजु कायम नरहने |
| ३३.२ | महालेखापरीक्षकले अन्तिम लेखापरीक्षण गर्दा आन्तरिक लेखा परीक्षणको प्रतिवेदनसमेतलाई आधार लिनु पर्ने | | लेखापरीक्षण नीति मानदण्डमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्यांकन गर्नुपर्ने |
| ३५.२ | लेखापरीक्षण बेरुजू ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने | नियम ९९.१ | लेखापरीक्षणबाट औल्याइएको बेरुजु फछ्र्यौट गरी त्यसको जवाफ लेखापरीक्षण गर्ने कार्यालयलाई ३५ दिनभित्र दिनुपर्ने |
| ३८.२ | लेखाउत्तरदायी अधिकृतबाट नियमित, फछ्र्यौट तथा संपरीक्षण हुने | | लेखाउत्तरदायी अधिकृतले सम्परीक्षण गर्ने व्यवस्था नभएको |
| ५०.२ | असुलउपर गर्नुपर्ने देखिएको रकम पाँच वर्षसम्म प्रयास गर्दा पनि असुल नभएमा सरकारी बाँकी सरह असुल गरिने | नियम १०३.१ | असुलउपर गर्नुपर्ने बेरुजू रकम १ वर्षभित्र असुल नभएमा लेखाउत्तरदायी अधिकृत समक्ष पेश गर्नुपर्ने र लेखाउत्तरदायी अधिकृतले केन्द्रीय तहसिल कार्यालयमा लगत राख्न पठाउनु पर्ने |

यसरी एउटै विषयमा कानुनमा फरक फरक व्यवस्था हुँदा कार्यान्वयनमा फरकपना आई एकरुपता कायम हुन सक्दैन । तसर्थ कानुन निर्माण गर्दा सामन्जस्यता कायम हुने कुरामा ध्यान पुऱ्याउनु पर्दछ ।

६. **संगठन र कर्मचारी व्यवस्थापन -** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त विवरणअनुसार कर्णाली प्रदेशका १ संवैधानिक निकाय ,७ मन्त्रालय र १ प्रदेश कार्यालय अन्तर्गत ९६ कार्यालयमा २ हजार २७४ दरबन्दी स्वीकृत गरेकोमा १ हजार १५० पदपूर्ति भएको छ । स्वीकृत दरबन्दीको तुलनामा ५०.५७ प्रतिशतमात्र पदपूर्ति भएको अवस्थामा प्रदेश सरकारको सेवा प्रवाहमा असर पर्ने देखिन्छ ।

७. **कार्यालय स्थापना -** संविधानको अनुसूची ६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कृषि, पशु, शिक्षा, स्वास्थ्यलगायतका कार्यक्रमहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्नेगरी प्रदेश तहमा विभिन्न कार्यालय (कृषि, घरेलु, स्वास्थ्यलगायतका कार्यालय स्थापना गरेका) हरु स्थापना भएको देखिन्छ । स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रमको लागि प्रदेश तहमा एवं संघीय सरकारले खारेज गरेका क्षेत्रीय निर्देशनालयहरुसमेत प्रदेश तहमा स्थापना भएबाट काममा दोहोरोपना एवं प्रशासनिक खर्चमा वृद्धि हुने अवस्था देखिन्छ । प्रदेश सरकारअन्तर्गतका कार्यालय स्थापना संख्यात्मक भन्दा कामको आवश्यकता अनुसार हुनुपर्दछ ।

८. **बजेट कार्यान्वयन -** प्रदेशमा यो वर्ष रु.८४ करोड ४२ लाख ४१ हजार बजेट विनियोजन भएकोमा रु.२३ करोड ४३ लाख २४ हजार अर्थात २७.७५ प्रतिशत मात्र खर्च भएको छ । मन्त्रालय/सचिवालयगत खर्च प्रतिशत ६.१८ देखि ३२.३१ सम्म रहेको छ । त्यस्तै कूल खर्चमध्ये सञ्चालन खर्चको प्रतिशत २६.६९ देखि ६९.१७ प्रतिशतसम्म रहेको देखिन्छ । यसरी विनियोजित बजेटमध्ये न्यून रकममात्र खर्च भएको देखिँदा प्रदेश सरकारले निर्धारण गरेका अधिकांश कार्यक्रमहरु सञ्चालन हुन सकेका छैनन् ।

९. **कार्यक्रम कार्यान्वयन -** प्रदेश सरकारले बजेटमा उल्लिखित विषयहरुलाई कार्यान्वयन गर्नुपर्नेमा कर्णाली प्रदेश नागरिक लगानी पूर्वाधार कोष स्थापना, वित्तीय सुशासनसम्बन्धी रणनीतिक कार्ययोजना तयार गर्ने, कर्णाली प्रदेश विशेष आर्थिक क्षेत्र घोषणासम्बन्धी नीतिगत मार्गदर्शन तथा अवधारणापत्र तयार गर्ने, कर्णाली प्रदेश विकास साझेदार मञ्च गठन गर्ने, विकास साझेदार कर्णाली सम्मेलन सञ्चालन गर्ने, कर्णाली लगानी विशेष सम्मेलन गर्ने, “हिमाल बचाउ अभियान” कार्यक्रम, “रोजगार विनिमय केन्द्र” स्थापना गरी कार्यान्वयनमा ल्याउने लगायतका कार्यक्रमहरु कार्यान्वयन भएको देखिएन ।

१०. **कार्यालयहरुको भौतिक व्यवस्थापन** - प्रदेशअन्तर्गत रहने प्रदेश संसद, संसद सचिवालय, सभामुख, उप-सभामुख कार्यकक्ष, प्रदेश मन्त्रालय, विभाग, इकाई र प्रदेशअन्तर्गत कानुनद्वारा निर्दिष्ट गरिएका आयोग, आयोजना सम्बन्धी कार्यालयहरुको स्थापना गरी सोको आवश्यकतानुसार भौतिक व्यवस्थापन गर्नु प्रदेश सरकारको संवैधानिक कार्य अन्तर्गत पर्दछ । यो वर्ष प्रदेशले ७ मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र मुख्य न्यायाधिवक्ताको कार्यालयको भौतिक व्यवस्थापन कार्य सम्पन्न गरेको छ । भौतिक व्यवस्थापन गर्न शहरी विकास तथा भवन निर्माण विभाग, भवन डिभिजन कार्यालयबाट रु.१ करोड ६२ लाख २७ हजार र ७

मन्त्रालय तथा प्रदेश सभा सचिवालयबाट रु.२ करोड ८७ लाख ३१ हजार गरी रु.४ करोड ४९ लाख ५८ हजार खर्च भएको विवरण पेश भएको छ । यसरी भौतिक व्यवस्थापन गर्न आवश्यक फर्निचर तथा फिक्चर्स एवं मेशिनरी औजारको खरिद कार्य सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भएअनुसार बोलपत्रको माध्यमबाट गर्नुपर्नेमा समय अभावको कारण जनाई पटक पटक सोझै खरिद गरेको छ ।

११. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने देखिन्छ । यो वर्ष प्रदेशअन्तर्गतका ७ मन्त्रालय एवं प्रदेश सभा सचिवालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन ।

१२. **वित्तीय जवाफदेहिता -** प्रदेश अन्तर्गतका मन्त्रालय, प्रदेशसभा सचिवालय एवं कार्यालयहरु सबैले विभिन्न ऐन कानुन एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा ७ मन्त्रालय एवं प्रदेशसभा सचिवालयसमेत ८ निकायको वित्तीय जवाफदेहिता मूल्यांकन गर्दा थप सुधार गर्दै जानुपर्ने देखिएको छ ।

## परिच्छेद - ३
## मन्त्रालय र निकायगत व्यहोरा

# प्रदेश सभा सचिवालय

संविधानले लिएका उद्देश्यहरु हासिल गर्नका लागि प्रदेश सभाले विधायिकी सरकार गठन तथा नियन्त्रण गर्ने प्रयोजनको लागि यस प्रदेशमा २०७४।१०।७ प्रदेश सभाका सदस्यहरुको सपथग्रहण भएसँगै प्रदेश सभाको गठन भएको देखिन्छ । प्रदेश संसदको कामकारबाहीमा सहयोग गर्न प्रदेश सभा सचिवालय रहेको छ ।

यो वर्ष विनियोजन रु.४ करोड **५६ लाख ७०** हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **विधेयक-** यो वर्ष कूल २० वटा विधेयक पेश भएकोमा १७ विधेयक सभाबाट पारित भएको छ भने ३ विधेयक दफावार छलफलको क्रममा रहेको विवरण प्राप्त भएको छ ।

२. **आन्तरिक लेखापरीक्षण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको सो कार्यालय अन्तर्गतको कार्यालयले प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयहरुको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । साथै आन्तरिक लेखापरीक्षणको प्रतिवेदन १५ दिन भित्र सम्बन्धित कार्यालय प्रमुखलाई बुझाउनु पर्ने, आन्तरिक लेखापरीक्षकले गणितिय शुद्धता,कानुनको परिपालना,लगायत लेखापरीक्षण गरी देखिएका व्यहोरामा कानुन, प्रक्रिया, निर्देशिकाको दफा,नियम आदि स्पष्ट खुलाई प्रतिवेदन गर्नु पर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षकको प्रतिवेदन अध्ययन गर्दा गोश्वारा भौचर नंबर,मिति उल्लेख नगरेको र ऐन नियमको दफा, नियम समेत उल्लेख नगरी प्रतिवेदन गरेको पाइयो । आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएमा आर्थिक प्रशासन अव्यवस्थित हुनुका साथै अन्तिम लेखापरीक्षणको लागि समेत समय सीमा बढ्न जाने हुन्छ । अतः तोकिएको प्रक्रिया ,प्रावधान बमोजिम आन्तरिक लेखापरीक्षण गर्ने तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा सुधार गर्ने तर्फ सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्दछ ।

३. **स्वीकृत दरबन्दी र पदपूर्ति -** सचिवालयले आफ्नो स्वीकृत दरबन्दी अनुसारका पदहरु पूर्ति गरी आफ्नो कार्य सम्पादनलाई चुस्त एवं दुरुस्त राख्नुपर्दछ । यस सचिवालयको लागि संघीय सरकारका रा.प.प्रथम श्रेणीको १, द्वितिय श्रेणीको ३, तृतीय श्रेणीको ७, रा.प.अनं. प्रथम श्रेणीको ११, द्वितिय श्रेणीको १,मर्यादापालक प्रहरी ७, श्रेणी विहिन ६ गरी जम्मा ३६ जनाको दरबन्दी स्वीकृत भएकोमा रा.प.प्रथम श्रेणीको १, रा.प.द्वितीय श्रेणीको ३ तृतीय श्रेणीको २, रा.प.अनं प्रथम श्रेणीको १, गरी जम्मा ७ पद रिक्त रहेको देखियो । यसरी रिक्त रहेका पदहरु पूर्ति गरी सचिलवायको कामलाई छिटो छरितो, चुस्त एवं दुरुस्त बनाउँनुपर्दछ ।

४. **प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारीश्रमिक सुविधा-** प्रदेश सभाले सभाका पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा देहाय बमोजिम भुक्तानी गरेको छ ।

| सुविधाको किसिम | इकाई दर | सभामुख | विपक्षी दलको नेता/उपसभामुख | सत्तापक्षको सचेतक र सभापति | विपक्षी दलको सचेतक | सभासद |
|---|---|---|---|---|---|---|
| पारिश्रमिक | प्रतिमहिना | ३००९६६.०० | ५७००४६.०० | १४०४८२०.०० | २७८४१३.०० | ६२६१३६०.०० |
| बैठक भत्ता | प्रति दिन | ३९८५०.०० | ७२०००.०० | १७६२५०.०० | ३५२५०.०० | ८००९००.०० |
| आवास सुविधा | प्रतिमहिना | ००.०० | ६९१००.०० | ३४५५००.०० | ६९१००.०० | १६६८४०८.०० |
| फर्निचर खरिद | एकमुष्ट | १५००.०० | ३००००.०० | ७५०००.०० | १५०००.०० | ३६००००.०० |
| सवारी ईन्धन | मासिक लिटर | ५९३७५.०० | ४७५००.०० | ००.०० | ०.०० | ०.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मोविल | प्रतिमहिना | ३६००.०० | २४००.०० | ०.०० | ०.०० | ०.०० |
| विजुली धारा | प्रतिमहिना | ०.०० | ०.०० | ४३१६२.५० | ८६३२.५० | २०८५६०.०० |
| संचार सुविधा | प्रतिमहिना | ८६३२.५० | १७२६५.०० | ४३१६२.५० | ८६३२.५० | २०८५६०.०० |
| दैनिक भ्रमण भत्ता | प्रतिदिन | ०.०० | ०.०० | ०.०० | ०.०० | ० |
| अन्य | | ०.०० | ०.०० | ०.०० | ०.० | ० |
| **जम्मा** | | **४१३९२३.५०** | **८०८३११.००** | **२०८७८९५.००** | **४१५०२८** | **९५०७७८८.००** |

- **वेरुजू स्थिति-** यो वर्ष सचिवालयको लगति बेरुजू रहेको छैन । यस सम्बन्धी विवरण **अनुसूची-३** मा छ ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेशभित्रको शासन व्यवथाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड ४० लाख १३ हजार र धरौटी रु.८५ हजार समेत रु.२ करोड ४० लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **बजेटको कार्यान्वयन -** प्रदेश सरकारले प्रस्तुत गरेको बजेटमा उल्लिखित विषयहरु कार्यान्वयन गर्नुपर्दछ । प्रदेश सभाको २०७५।१।१३ को बैठकमा प्रस्तुत बजेटमा क्षेत्रगत मन्त्रालयहरुले कार्यान्वयन गर्नुपर्ने नीति तथा कार्यक्रमहरु उल्लेख भएका छन् । क्षेत्रगतरुपमा तोकिएका नीति तथा कार्यक्रमहरुमध्ये यो कार्यालयसँग सम्बन्धित प्रदेश निजामती सेवाको पदमा उपयुक्त उम्मेदवारहरु छनौट गरी सिफारिस गर्न कर्णाली प्रदेश लोकसेवा आयोगको गठन गरिने उल्लेख भएकोमा गठन भएको देखिएन । त्यसैगरि प्रदेशमा रहने मन्त्रालयअन्तर्गतका संगठनहरु सम्बन्धमा प्रदेशका योजना कार्यक्रम कार्यान्वयन गर्न नीति, कार्यक्रम कार्यान्वयन, आयोजना संचालन, कार्य विशेष संगठनात्मक संरचना स्थापना गरी कार्यान्वयनमा ल्याइने भनेकोमा संगठनात्मक संरचनाको अन्तिम टुङ्गो लागिसकेको देखिएन । यसरी बजेटमा उल्लिखित विषयहरु कार्यान्वयन नहुँदा प्रदेश सरकारले लिएको प्रादेशिक विकास लक्ष्य पूरा हुन सक्दैन ।

२. **कार्यालय हस्तान्तरण, खारेजी तथा स्थापना -** संघीय व्यवस्था कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय तथा प्रदेशमा हस्तान्तरण हुने, संघ आफैले गर्ने तथा प्रदेश वा स्थानीय तहले कार्य गर्ने स्पष्ट रोडम्याप तयार नगरेका कारण स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम संचालन गर्न संघबाट खारेज गरिएका कार्यालयसमेत प्रदेशस्तरमा स्थापना हुने गरेको देखिन्छ । यस सम्बन्धी विवरण देहाय बमोजिम छः

| विषयगत कार्यालय | संघीय कार्यालय | प्रदेश कार्यालय | कैफियत |
|---|---|---|---|
| सडक तथा पूर्वाधार | डिभिजन सडक कार्यालय, सुर्खेत, जुम्ला र चौरजहारी | पूर्वाधार विकास कार्यालय, सुर्खेत, जुम्ला , हुम्ला र रुकुम पश्चिम | |
| **विषयगत कार्यालय** | **प्रदेश कार्यालय** | **स्थानीय तहमा हस्तान्तरण कार्यक्रम** | **कैफियत** |
| कृषि | कृषि ज्ञान केन्द्र, दैलेख, रुकुम पश्चिम, जाजरकोट, कालिकोट, जुम्ला, हुम्ला र डोल्पा | कृषि कार्यक्रम | प्रदेशमा सबै कार्यालय स्थापना भईसकेको । |
| घरेलु | घरेलु विकास समिति, जुम्ला, मुगु, हुम्ला, कालिकोट, डोल्पा, जाजरकोट, दैलेख, सुर्खेत, सल्यान, रुकुम पश्चिम | घरेलु कार्यक्रम | |
| स्वास्थ्य | स्वास्थ्य कार्यालय, सुर्खेत, सल्यान, जुम्ला, हुम्ला, मुगु, डोल्पा | स्वास्थ्यसम्बन्धी कार्यक्रम | |
| वन | डिभिजन वन कार्यालय, | वनसम्बन्धी कार्यक्रम | |
| **विषयगत कार्यालय** | **संघले खारेज गरेको कार्यालय** | **प्रदेशले स्थापना गरेको कार्यालय** | **कैफियत** |
| स्वास्थ्य | क्षेत्रीय स्वास्थ्य निर्देशनालय<br>जिल्ला आयुर्वेद औषधालय<br>क्षेत्रीय अस्पताल, सुर्खेत<br>जिल्ला अस्पताल, १०<br>जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र ८ | स्वास्थ्य निर्देशनालय<br>आयुर्वेद औषधालय, सुर्खेत र जुम्ला<br>प्रदेश अस्पताल, सुर्खेत<br>जिल्ला अस्पताल १०<br>जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र ८ | |
| शिक्षा | क्षेत्रीय शिक्षा निर्देशनालय<br>शैक्षिक तालिम केन्द्र | शिक्षा विकास निर्देशनालय<br>शिक्षा तालिम केन्द्र | |

| | | | |
|---|---|---|---|
| कृषि | क्षेत्रीय कृषि निर्देशनालय<br>जिल्ला कृषि विकास कार्यालय<br>जिल्ला पशु सेवा कार्यालय | कृषि विकास निर्देशनालय, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय<br>कृषि ज्ञान केन्द्र<br>भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | |
| सडक तथा पूर्वाधार | क्षेत्रीय सडक निर्देशनालय<br>क्षेत्रीय सिँचाइ निर्देशनालय<br>सहरी विकास तथा भवन डिभिजन कार्यालय | यातायात पूर्वाधार निर्देशनालय<br>जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय<br>सहरी विकास कार्यालय, पूर्वाधार विकास कार्यालय, | |
| वन | क्षेत्रीय वन निर्देशनालय<br>क्षेत्रीय वन तालिम केन्द्र<br>जिल्ला भू-संरक्षण कार्यालय<br>जिल्ला वन कार्यालय | प्रदेश वन निर्देशनालय<br>वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र<br>भू तथा जलाधार व्यवस्थापन कार्यालय<br>डिभिजन वन कार्यालय | |
| यातायात | यातायात व्यवस्था कार्यालय जुम्ला र यातायात सेवा कार्यालय सुर्खेत | यातायात व्यवस्था कार्यालय जुम्ला र सुर्खेत | |
| खानेपानी | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |

३. संघ र प्रदेश दुबैले एउटै प्रकृतिको कार्य, जस्तै सडक निर्माण तथा पूर्वाधारसम्बन्धी कार्य गर्न संघले डिभिजन सडक कार्यालय र प्रदेशले पूर्वाधार विकास कार्यालय स्थापना गरेको, साविकमा जिल्लास्तरमा रहेका विषयगत कार्यालयहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेश सरकारले कृषि, घरेलु, स्वास्थ्यलगायतका कार्यालय स्थापना गरेको, केन्द्रीय सरकारले खारेज गरेको क्षेत्रीय निर्देशनालयहरु प्रदेश सरकारले पुनः स्थापना गरेको आदि अवस्था देखिएकोले खर्चमा मितव्ययिता हुने देखिएन ।

४. **प्रशासनिक सँगठन र कर्मचारी व्यवस्थापन -** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त विवरण अनुसार कर्णाली प्रदेशका १ संवैधानिक निकाय , ७ मन्त्रालय र १ प्रदेश कार्यालय अन्तर्गत ९६ कार्यालयमा कुल २२७४ दरबन्दी स्वीकृत गरेकोमा ११५० मात्र पदपूर्ति भएको छ । यस सम्बन्धी विवरण देहाय बमोजिम छ :

| क्र.स. | मन्त्रालय | मन्त्रालयको | | कार्यालयहरुको | | | मन्त्रालय र कार्यालय संख्या | जम्मा स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त दरवन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरवन्दी | पदपूर्ति | कार्यालय संख्या | स्वीकृत दरवन्दी | पदपूर्ति | | | | |
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५३ | ३६ | ० | ० | ० | १ | ५३ | ३६ | १७ |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २० | १६ | १ | ४८ | २७ | २ | ६८ | ४३ | २५ |
| ३ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३८ | ३१ | ० | ० | ० | १ | ३८ | ३१ | ७ |
| ४ | सामाजिक विकास मन्त्रालय | ६८ | ४९ | २९ | ५५१ | ४१७ | ३० | ६१९ | ४६६ | १५३ |
| ५ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ७३ | ४२ | २३ | ३३३ | १७१ | २४ | ४०६ | २१३ | १९३ |
| ६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५५ | ३१ | १७ | ३१० | १३० | १८ | ३६५ | १६१ | २०४ |
| ७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ४५ | ३५ | २६ | ६३२ | १३० | २७ | ६७७ | १६५ | ५१२ |
| ८ | प्रदेश सभा सचिवालय | ३६ | ३१ | ० | ० | ० | १ | ३६ | ३१ | ५ |
| ९ | मुख्य न्यायधिवक्ताको कार्यालय | १२ | ४ | ० | ० | ० | १ | १२ | ४ | ८ |
| **जम्मा** | | **४००** | **२७५** | **९६** | **१८७४** | **८७५** | **१०५** | **२२७४** | **११५०** | **११२४** |

स्वीकृत दरबन्दीको तुलनामा ५०.५७ प्रतिशत मात्र पदपूर्ति भएको अवस्थामा प्रदेश सरकारको कार्यसम्पादन तथा सेवा प्रवाह प्रभावकारी हुने देखिएन ।

५. **ऐन नियम तर्जुमा र स्वीकृतिः** प्रदेश सरकारले तत्काल आवश्यक पर्ने कानुनको पहिचान गरेको देखिएन । प्रदेशले २०७५ मार्गसम्ममा १७ ऐन, ६ नियमावली र १४ कार्यविधि निर्देशिका मात्र स्वीकृत गरी कार्यान्वयनमा रहेको छ । प्रदेश सभाले पारित गरेको १७ ऐनमध्ये कानुन निर्माण प्रक्रियालाई व्यवस्थित गर्न ६, आर्थिक कार्य प्रणाली व्यवस्थित गर्न ८ र पदाधिकारीहरुको पारिश्रमिक सुविधा सम्बन्धी कार्य व्यवस्थित गर्न ३ ऐन स्वीकृत

भएको छ । विभिन्न मन्त्रालय तथा निकायसँग सम्बन्धित अति आवश्यक कानुन निर्माण हुन नसकेकोले प्रदेश सरकारको कार्य सञ्चालन प्रभावकारी हुन सकेको देखिएन ।

६. **कानुनमा सामन्जस्यताः** प्रदेशले बनाएको कानुन संघीय कानुनसँग सामान्जस्यता हुनुपर्दछ । प्रदेशले बनाएको कानुनमा संघीय कानुनसँग फरक देखिएको केही उदारहण देहाय बमोजिम प्रस्तुत गरिएको छः

| **प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा र व्यबस्था** | | **आर्थिक कार्यविधि ऐन २०५५ र नियमावली २०६४ को दफा र व्यवस्था** | |
|---|---|---|---|
| २१.१ | प्रोद्‌भावी लेखा महालेखा नियन्त्रक कार्यालयले स्वीकृत गर्ने | ऐन १०.२ | लेखा ढांचा महालेखापरीक्षकले स्वीकृत गर्ने व्यबस्था |
| २१.४ | प्रदेश लेखा नियन्त्रक कार्यालयले ढाँचा तयार गरी महालेखापरीक्षकबाट स्वीकृत गराउनु पर्ने | ऐन १०.३ | लेखाको ढाँचा स्वीकृत गराउने तथा लागू गर्ने गराउने कर्तव्य महालेखा नियन्त्रकको हुने व्यबस्था |
| ३२.६ | आन्तरिक लेखापरीक्षणले दिएका सुझावहरुको सम्वन्धमा कारणसहित हटाएकोमा बाहेक अन्य सुझावहरुलाई अन्तिम लेखापरीक्षकले आफ्नो सुझावमा प्रस्तुत गर्नु पर्ने | नियम ९६.८ | आन्तरिक लेखापरीक्षणबाट निस्केको फछ्र्यौट हुन बांकी बेरुजु अन्तिम लेखापरीक्षकलाई दिईने र अन्तिम लेखापरीक्षण भएपछि आन्तरिक लेखापरीक्षण बेरुजु कायम रहने |
| ३३.२ | महालेखापरीक्षकले अन्तिम लेखापरीक्षण गर्दा आन्तरिक लेखा परीक्षणको प्रतिवेदनलाई समेत आधार लिनु पर्ने | | लेखापरीक्षण नीति मानदण्डमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्यांकन गर्नुपर्ने व्यवस्था |
| ३५.१ | लेखापरीक्षण बेरुजू ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने | नियम ९९.१ | लेखापरीक्षणबाट औल्याइएको बेरुजु फछ्र्यौट गरी त्यसको जवाफ लेखापरीक्षण गर्ने कार्यालयलाई ३५ दिनभित्र दिनुपर्ने |
| ३८.२ | लेखा उत्तरदायी अधिकृतबाट नियमित, फछ्र्यौट तथा संपरीक्षण हुने | | संघीय कानुनमा लेखाउत्तरदायी अधिकृतले सम्परीक्षण गर्ने व्यवस्था नभएको । |
| ५०.२ | असुल उपर गर्नुपर्ने देखिएको रकम पाँच वर्षसम्म प्रयास गर्दा पनि असुल नभएमा सरकारी बाँकी सरह असुल गरिने | नियम १०३.१ | असुल उपर गर्नुपर्ने बेरुजू रकम १ वर्षभित्र असुल नभएमा लेखाउत्तरदायी अधिकृत समक्ष पेश गर्नुपर्ने र लेखाउत्तरदायी अधिकृतले केन्द्रीय तहसिल कार्यालयमा लगत राख्न पठाउनु पर्ने |

यसरी एउटै विषयमा कानुनमा फरक फरक व्यवस्था हुँदा कार्यान्वयनमा फरकपन आई एकरुपता कायम हुन सक्दैन । तसर्थ कानुन निर्माण गर्दा सामान्जस्यता कायम हुने गरी बनाउन ध्यान पुऱ्याउनु पर्दछ

७. **निर्देशिका-** संघीय सरकार र प्रदेश सरकारले एउटै विषयमा जारी गर्ने निर्देशिकामा एकरुपता कायम गर्न ध्यान पुऱ्याउनुपर्दछ । प्रदेश सरकारले कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ जारी गरेको छ । उक्त निर्देशिकामा भएको व्यवस्था र अर्थ मन्त्रालयको कार्यक्रम संचालन निर्देशिकामा भएका व्यवस्थाहरुमा फरकपन देखिएको छ । यसरी फरक देखिएका केही व्यहोरा देहाय बमोजिम छन् :

| **प्रदेश सरकारको खर्च मापदण्ड निर्देशिका, २०७५ मा भएको व्यवस्था** | **अर्थ मन्त्रालयको कार्यक्रम संचालन निर्देशिकामा भएको व्यवस्था** |
|---|---|
| (क) **इन्धनः** मासिक रुपमा पेट्रोल र डिजेल प्रमुख सचिवलाई नतोकिएको, प्रदेश सचिवलाई १०० लिटर, विभागीय प्रमुखलाई ७० लिटर र त्रैमासिक रुपमा सबै तहमा ५ लिटर मोबिल । | मासिक रुपमा पेट्रोल र डिजेल सचिवलाई १०० लिटर, सहसचिवलाई ७० लिटर, त्रैमासिक रुपमा ३ लिटर मोबिल |
| (ख) **सवारी साधनः** प्रमुख सचिवलाई रु. ७० लाख र प्रदेश सचिवलाई रु. ५० लाखको सवारी साधन खरिद गर्ने व्यवस्था । | सचिवलाई उपलब्ध गराउने सवारी साधन कार भए १३०० सिसि. र जिप भए २०००सि.सि. एवं सहसचिवलाई कार भए ११०० सि.सि र जिप भए २००० सिसि । |
| (ग) **कन्टिन्जेन्सीः -** सार्वजनिक खरिदमा आवश्यकता अनुसार १ देखि ५% सम्म कन्टिन्जेन्सी रकम छुट्याउन सक्ने व्यवस्था | निर्माण सम्बन्धी कार्यमा मात्र कन्टिजेन्सी छुट्याउन पाउने व्यवस्था । |
| (घ) **बैठक भत्ता -** सचिवस्तर (रा.प.प्रथम श्रेणी) बाट अध्यक्षता गरिने बैठकको बैठक भत्ता प्रति बैठक रु.२०००।- | रा.प.विशिष्ट श्रेणी भन्दा तल्लो श्रेणीका कर्मचारीको अध्यक्षतामा बस्ने बैठकमा बैठक भत्ता प्रति व्यक्ति प्रति बैठक रु.१५००।- |

यसरी फरक देखिएका विषयहरुमा एकरुपता कायम गर्न ध्यान पुऱ्याउनु पर्दछ ।

८. **मुख्य मन्त्री तथा मन्त्रीको सुविधा -** कार्यालयले मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक एवं सुविधा निम्नानुसार भुक्तानी गरेको छ ।

| सुविधाको किसिम | इकाई दर | मुख्य मन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| पारीश्रमिक | मासिक | ६०९७०.०० | ५२०००.०० | ०.०० | ०.०० |
| आवास सुविधा | मासिक | सरकारी आवास | सरकारी आवास | ०.०० | ०.०० |
| फर्निचर | एकमुष्ट | ०.०० | ०.०० | ०.०० | ०.०० |
| सवारी | वटा | २ | ६ | ०.०० | ०.०० |
| सवारी इन्धन | मासिक लिटर | रु.१३३५ | सम्बन्धित मन्त्रालयबाट तोकिएको कोटा अनुसार | ०.०० | ०.०० |
| मोविल | मासिक लिटर | ०.०० | ०.०० | ०.०० | ०.०० |
| संचार सुविधा | प्रतिमहिना | ०.०० | ०.०० | ०.०० | ०.०० |
| धारा बिजुली | प्रतिमहिना | ०.०० | ०.०० | ०.०० | ०.०० |
| दैनिक भ्रमण भत्ता(स्वदेश) | प्रतिदिन | ९२६००.०० | ५०९६००.०० | ०.०० | ०.०० |
| दैनिक भ्रमण भत्ता(विदेश) | प्रतिदिन | ०.०० | ०.०० | ०.०० | ०.०० |
| अतिथि सत्कार | प्रतिदिन | ०.०० | ०.०० | ०.०० | ०.०० |

- **वेरुजू स्थिति-** यो वर्ष कार्यालयको रु.५५ हजार लगति बेरुजू रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-३** मा छ ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्यसम्बन्धी नीति, मापदण्ड बनाउने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो

यो वर्ष मन्त्रालय र मातहत १ कार्यालयमा विनियोजन रु.१ करोड ८३ लाख ८५ हजार र अन्य कारोबार रु.३ हजारसमेत रु.१ करोड ८३ लाख ८८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्यक्रम कार्यान्वयन -** प्रदेश सरकारले आफूले प्रस्तुत गरेको बजेटमा उल्लिखित विषयहरुलाई कार्यान्वयन गर्नुपर्दछ । प्रदेश सभाको २०७५।१।१३ को बैठकमा प्रस्तुत बजेटमा क्षेत्रगत मन्त्रालयहरुले कार्यान्वयन गर्नुपर्ने नीति तथा कार्यक्रमहरु उल्लेख भएका छन् । क्षेत्रगतरुपमा तोकिएका नीति तथा कार्यक्रमहरुमध्ये यो मन्त्रालयसँग सम्बन्धित योजना आयोजना अनुगमन मार्गदर्शन तयार गरी कार्यान्वयन गर्ने, कर्णाली प्रदेश नागरिक लगानी पूर्वाधार कोष स्थापना गरी कानुन बनाई कार्यान्वयन गर्ने, वित्तीय सुशासनसम्बन्धी रणनीतिक कार्ययोजना तयार गर्ने, परियोजना कार्य सम्पादन सम्झौता दिग्दर्शन प्रणालीको विकास गर्ने, कर्णाली प्रदेश विशेष आर्थिक क्षेत्र घोषणासम्बन्धी नीतिगत मार्गदर्शन तथा अवधारणापत्र तयार गर्ने, कर्णाली प्रदेश विकास साझेदार मञ्च गठन गर्ने, विकास साझेदार कर्णाली सम्मेलन सञ्चालन गर्ने, कर्णाली लगानी विशेष सम्मेलन गर्ने, स्थानीय तहमा सञ्चालित बचत ऋण सहकारी लघुवित्त संस्थाको नियमन नीति तयार गर्ने कार्यक्रमहरु बजेटले निर्धारण गरेकोमा कार्यान्वयन भएको देखिएन । यो वर्ष मन्त्रालयको लागि रु.३७ करोड २२ लाख ७५ हजार बजेट विनियोजन भएकोमा रु.१ करोड ७८ लाख ८६ हजारमात्र खर्च भएको छ । यस सम्बन्धमा छलफल गर्दा बजेट वक्तव्यमा क्षेत्रगतरुपमा निर्धारण भएका नीति तथा कार्यक्रमहरु मन्त्रालयको बजेट तथा कार्यक्रममा समावेश नभएको एवं कतिपय कार्यक्रमहरु बजेटमा समावेश भए तापनि समय अभाव भएकोले कार्यान्वयन गर्न नसकिएको जवाफ प्राप्त भएको छ । यसरी बजेटमा उल्लिखित विषयहरु कार्यान्वयन नहुँदा प्रदेश सरकारले लिएको लक्ष्य पुरा हुन सक्ने देखिदैन ।

२. **राजस्व र व्ययको अनुमान** - प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेश सभा समक्ष राजस्वको अनुमान, प्रदेश सञ्चितकोष माथि व्ययभार हुने आवश्यक रकम र प्रदेश विनियोजन ऐनबमोजिम व्यय हुने आवश्यक रकमहरु प्रदेश सभामा पेश गर्नुपर्ने व्यवस्था छ । राजस्व र व्ययको वार्षिक अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन सोको विवरण सहित सभामा पेश गर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा प्रदेशले राजस्व र व्ययको अनुमान २०७५।१।१३ मा प्रदेश सभामा पेश गरेकोमा राजस्वको अनुमान रु. १ अर्ब २ करोड ५ लाख र व्यय अनुमान रु.१ अर्ब २ करोड ५ लाख देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची १ मा छ ।

२.१. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ बमोजिम नेपाल सरकारले प्रदेशको लागि खर्चको आस्वस्तता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिस तथा मापदण्डबमोजिम समानीकरण अनुदान प्रदान गर्ने उल्लेख छ । यो वर्ष प्रदेशलाई रु.१ अर्ब २ करोड ५ लाख समानीकरण अनुदान उपलब्ध गराएकोमा रु.२३ करोड ४३ लाख २४ हजार खर्च भई रु.७८ करोड ६१ लाख ७६ हजार बाँकी प्रदेश सञ्चित कोषमा दाखिला गरेको छ ।

३. **बजेट अनुमान** - प्रदेश अर्थमन्त्रीले आगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ महिनाको १ गते प्रदेश सभामा पेश गर्नुपर्ने र सोको साथमा राजस्व संकलन, मध्यकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धित नीतिगत व्यवस्थासहितको बजेट अनुमान गर्नुपर्ने व्यवस्था छ । आर्थिक मामिला तथा योजना मन्त्रीले यस वर्षको बजेट २०७५।१।१३ को प्रदेश सभामा पेश गरेको देखिन्छ । उक्त बजेटमा राजस्व प्रक्षेपण नभएको, खर्चको प्राथमिकता निर्धारणका आधार नतोकिएको, केन्द्रबाट प्राप्त भएको अनुदानलाई नै अनुमानमा राखी बाँडफाँड गरेको छ । त्यस्तै एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा

महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न नपाइने व्यवस्था छ । यो वर्ष कर्णाली प्रदेशले कर सम्बन्धी कुनै प्रस्ताव गरेको छैन । संघीय सरकारले तोकेको कर, शुल्क र दस्तुर मात्र असुल गरेको छ । यसैगरि यो वर्ष छुट्टै नीति तथा कार्यक्रम पेश नगरेको र बजेटमा उल्लिखित क्षेत्रगत मन्त्रालयलाई नीति कार्यक्रम तोकिएको देखिन्छ ।

४. **वित्तीय सुशासन -** प्रभावकारी वित्तीय व्यवस्थापनमार्फत सार्वजनिक आय तथा व्ययको सर्वोत्तम परिचालन, त्यसको लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणमार्फत वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नु प्रदेश सरकारको दायित्व हो । सार्वजनिक वित्तीय व्यवस्थापनलाई जवाफदेही बनाउन सार्वजनिक खर्च र सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरुपता कायम गरी प्रभावकारी बनाउन आवश्यक छ । बजेट अनुमान कार्यक्रममा आधारित तथा यथार्थपरक बनाउनु पर्ने अवस्था छ । समयमै प्रदेशस्तरको कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने प्रक्रियालाई अगाडि बढाउनु पर्दछ । समयमा ठेक्का बन्दोवस्त, चालु खर्चको मात्रात्मक वृद्धिलाई कमी ल्याउन, आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढीकरण गर्न, बेरुजूको मात्रा घटाई बेरुजू नै हुन नदिने जस्ता खर्च व्यवस्थापकीय पक्षमा प्रदेश सरकार समक्ष धेरै वित्तीय चुनौति रहेका छन् । यी चुनौति पूरा गर्न बजेट सूचना व्यवस्थापन प्रणाली, प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीको संस्थागत विकास, लागत लाभको विश्लेषण सहितको योजना तथा कार्यक्रम, बहुवर्षीय ठेक्का व्यवस्थापन प्रक्रिया, सार्वजनिक सेवा लेखामानको प्रयोग,सूत्रको प्रयोग, वित्तीय प्रतिवेदन प्रणालीमा आमूलरुपमा सुधार गरी प्रदेशको वित्तीय व्यवस्थापनमा जवाफदेहिताको स्थितिलाई सुधार गर्न प्रदेश सरकारले आवश्यक ध्यान दिनुपर्दछ ।

**प्रदेश लेखा नियन्त्रक कार्यालय**

५. **प्रदेश आर्थिक प्रशासन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयको जिम्मेवारी प्रदेश भित्रको आर्थिक प्रशासन सञ्चालन गर्ने रहेको छ । प्रदेश तहका सबै कार्यालयमा लेखा अभिलेख व्यवस्थित गर्न प्रयाप्त लेखा समूहका कर्मचारीको व्यवस्था हुनु पर्दछ । आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निस्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्अनुरुप कर्मचारीको व्यवस्था गरेको नदेखिदा आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी भएको पाइएन ।

- **वेरुजूस्थिति-** यो वर्ष मन्त्रालयको लगती बेरुजू रहेको छैन । यस सम्बन्धी विवरण **अनुसूची-३** मा छ ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन सूचना संकलन, मूल्यांकन र प्रतिवेदन तथा संघसंगको समन्वय र सहकार्यमा सहप्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.१ करोड ८९ लाख २५ हजार, धरौटी रु.३३ हजार र अन्य कारोबार रु.९ लाख ६३ हजार समेत रु.१ करोड ९९ लाख २१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **विधेयकको मस्यौदा प्रस्तुति -** यो मन्त्रालयलाई तोकिएको कार्य जिम्मेवारीमध्ये प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति,कानुन,मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन,नियमन,सूचना संकलन,मूल्यांकन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्यलगायतका ४२ बुँदाहरु रहेका छन् । यो वर्ष मन्त्रालयले पेश गरेका १८ विधेयकमध्ये १४ विधेयक प्रदेश सभाबाट पास भै राजपत्रमा प्रकाशित भएका छन् भने ४ विधेयक राजपत्रमा प्रकाशनको क्रममा रहेको विवरण प्राप्त भएको छ ।

२. **विपद व्यवस्थापन कोष-** मन्त्रालयले बजेटमा व्यवस्था भए बमोजिम विपद् व्यवस्थापन कोष खडा गरी कोषमा तोकिएको रकम जम्मा गर्नुपर्दछ । मन्त्रालयले कोष खातामा जम्मा गर्नुपर्ने बजेट संकेत नं २७२१२ उद्धार,राहत तथा पुनर्स्थापनाको रु.२५ लाख कार्य सञ्चालन कोषमा दाखिला गरेको छ । नयाँ स्थापना भएको मन्त्रालयको नाममा विपद् व्यवस्थापन कोष नभएकोले कार्य सञ्चालन कोषमा रकम दाखिला गरेको र विपद व्यवस्थापन कोष खडा गरिने मन्त्रालयको भनाई रहेको छ ।

- **बेरुजूस्थिति-** यो वर्ष मन्त्रालयको लगती बेरुजू रु.३ हजार रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-३** मा छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

व्यापार वाणिज्य र बजार प्रतिस्पर्धासम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, प्रदेशस्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भूस्खलन नियन्त्रण जस्ता कार्य गर्ने गरी यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड १६ लाख ६९ हजार, धरौटी रु.१ लाख ४ हजार र अन्य कारोबार रु.३ लाख ८९ हजारसमेत रु.२ करोड २१ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छः

१. **कर्णाली रारा पर्यटन वर्ष २०७५ -** कर्णाली प्रदेश सरकारको २०७४।१२।२८ को निर्णयअनुसार २०७५ वैशाख १ गते उद्घाटन भएको कर्णाली रारा पर्यटन महोत्सव २०७५ मा भौतिक पूर्वाधार विकास, सामाजिक विकास, आन्तरिक मामिला तथा कानुन, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयहरुलाई रु.३१ लाख ६२ हजार निकासा दिई खर्च लेखेको छ । सोको अतिरिक्त मन्त्रालयहरुले प्राप्त निकासा रकम भन्दा बढी खर्च हुन गएको रु.२९ लाख ९६ हजार सम्बन्धित व्यक्ति, फर्म र कर्मचारीहरुलाई सिधै भुक्तानी गरेको र यो मन्त्रालयबाट भएको खर्च रु.१६ लाख ५८ हजारसमेत कुल रु.७८ लाख १६ हजार खर्च भएको छ । महोत्सवको लागि खर्चको प्रकृति, दर र परिमाण यकिन गरी लागत अनुमान नबनाएकोले खर्च भिडान गर्न सकिएको छैन । लागत अनुमान बेगर विभिन्न मन्त्रालय र कर्मचारीहरुबाट महोत्सवको खर्च लेख्दा खर्च दोहोरिने सम्भावना भएकोले सो खर्चका सम्बन्धमा आश्वस्त हुन सकिएन । उक्त खर्चमध्ये भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट पाहुना कोसेली सामग्रीमा रु.७ लाख ४ हजार, खाजा/खाना बापत रु.२१ लाख ४५ हजार खर्च गरेको देखिन्छ । सो खर्चको पुष्ट्याई नखुल्नुको अतिरिक्त खर्चमा मितव्ययितासमेत कामय गरेको देखिएन ।

२. **वन, जल र वातावरण -** प्रदेशको दिगो विकासमा वन क्षेत्रको भूमिका महत्वपूर्ण रहेको छ । प्रदेशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता (काठ, दाउरा, घाँसपात, गैर काष्ठ वन पैदावारहरुको आपूर्ति)का साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन क्षेत्रको भूमिका उल्लेखनीय रहेको छ । प्रदेशअन्तर्गत १ हजार १८३.४० हजार हेक्टर भूभाग वन क्षेत्रले ओगटेको छ । वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण, वनसम्बन्धी द्वन्द्व व्यवस्थापन, वन फँडानी, विपद जोखिम न्यूनीकरण, वनमा आश्रित समुदायका लागि दिगो अनुकूलन कार्यक्रम सञ्चालन गरी वन तथा वातावरण क्षेत्रको व्यवस्थापन गर्न प्रदेश सरकार समक्ष धेरै चुनौती रहेका छन् । प्रदेश सरकारले वन स्रोतको घनत्व, विविधता र वन उद्यमशीलता सिर्जना गर्न सक्ने गरी कार्यक्रम कार्यान्वयनमा ल्याउनु पर्दछ । यो वर्ष मन्त्रालयले कर्णाली रारा पर्यटन वर्ष २०७५ र जलवायु परिवर्तनबाट परेको असर न्यूनीकरण सम्बन्धी सन्देशमूलक कार्यक्रम सञ्चालन गरी क्रमशः रु.७८ लाख १६ हजार र रु.३ लाख गरी रु.८१ लाख १६ हजार खर्च गरेको छ । सो बाहेक अन्य कार्यक्रमहरु संचालन भएको देखिएन । कर्णाली रारा पर्यटन वर्ष २०७५ संचालनमा खर्चको लागत अनुमान तयार नगरेको एवं कार्यक्रमको खर्च विभिन्न मन्त्रालयबाट भएकोले खर्चमा दोहोरोपना हुने अवस्था रहेको छ ।

- **बेरुजू स्थिति-** यो वर्ष मन्त्रालयको लगती बेरुजु रहेको छैन् । यस सम्बन्धी विवरण **अनुसूची-३** मा छ ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेशभित्रको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने उद्देयले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.६ करोड ५४ लाख ७६ हजार, धरौटी रु.१ लाख ५२ हजारसमेत रु.६ करोड ५६ लाख २८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **कन्टिन्जेन्सी खर्च –** सार्वजनिक खरिद नियमावली, २०६४, को नियम ९७ को उपनियम (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ । मन्त्रालयले यो वर्ष पुँजीगतमा कुल रु.४ करोड २५ लाख ९९ हजार खर्च गरेकोमा सो को ५ प्रतिशतले हुने कन्टिन्जेन्सी रु.२१ लाख ३० हजार सम्बन्धित उपभोक्ता समितिलाई नै भुक्तानी गरेको र योजना अनुगमन तथा मूल्यांकनमा थप रु.५ लाख ३ हजार खर्च लखेको छ । योजना अनुगमन बापत योजनाकै कन्टिन्जेन्सी रकमबाट खर्च लेख्नुपर्नेमा उपभोक्ता समितिलाई कन्टिजेन्सी रकम समेत भुक्तानी दिई खर्च लेखेको देखिन्छ । अर्थमन्त्रीस्तरीय २०७०।१।१५ को निर्णय अनुसार ५ प्रतिशत कन्टिन्जेन्सीमध्ये २ प्रतिशत पुँजीगत निर्माण तथा सम्पत्तिमा खर्च गर्नु पर्नेमा यो प्रकृयाबाट पुँजीगत निर्माण तथा सम्पत्तिमा खर्च हुन सक्ने अवस्था देखिएन । कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ को बुँदा नं. १.३ (क) मा सकेसम्म चालु तथा प्रशासनिक शीर्षकमा विनियोजित रकमबाट कन्टिन्जेन्सीको काम गर्नु गराउनु पर्ने र नपुग भएमा मात्र आवश्यकता अनुसार कन्टिन्जेन्सी रकम छुट्याउनु पर्ने उल्लेख छ । उपभोक्ता समितिबाट निर्माण हुने योजनाको नियमानुसार कन्टिन्जेन्सी रकम कट्टी गरी सो सम्बन्धी प्राविधिक कार्य, अनुगमन खर्च र पुँजीगत निर्माणमा खर्च गर्नुपर्दछ ।

२. **अनुदान -** सार्वजनिक खरिद नियमावली २०६४, को नियम ९७ को उपनियम (१) मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख छ । मन्त्रालयले विभिन्न ९ नाफामूलक व्यावसायिक फर्म तथा कम्पनीले गर्ने निर्माण कार्यमा रु.२ लाखदेखि ५ लाखसम्म अनुदान दिएको देखिन्छ । नियमानुसार उपभोक्ता समिति तथा लाभग्राही समुदायलाई मात्र अनुदान रकम उपलब्ध गराउन सकिनेमा व्यक्तिगत फर्म तथा कम्पनीलाई रु.२२ लाख अनुदान दिएको छ ।

त्यसैगरि रुकुमको एक सहकारी संस्थाले खरिद गरेको चिलिङ्ग भ्यान, मेशिनरी औजार, दुग्धजन्य उपकरण, ढुवानी, निर्माण र अन्य सामग्रीको सक्कल बिल भरपाईअनुसार सवारी साधन शीर्षकमा रु.८० लाख खर्च लेखी अनुदान स्वरुप भुक्तानी दिएको छ । मन्त्रालय र जिल्ला पशु सेवा कार्यालय, रुकुमवीच २०७५।२।२८ मा भएको सम्झौतामा खरिदका बिल, बीजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा दुई वा एकै किस्तामा रकम भुक्तानी दिन सक्ने र गुणस्तरीय मेशिन खरिद नगरेमा वा दुरुपयोग भएमा सम्झौता मुताविकको रकम सरकारी बाँकी सरह असुल गर्न सक्ने, चिस्यान केन्द्र र भ्यानको प्रगति विवरणलगायत अन्य तथ्यांक कम्तीमा चौमासिकरुपमा मन्त्रालयमा उपलब्ध गराउनु पर्ने सर्त राखेकोमा अनुगमन प्रतिवेदन र तथ्यांक पेश भएको छैन । मन्त्रालयले छनौटको आधार एवं मापदण्ड, दीर्घकालीन कार्ययोजना, संस्थाको विस्तृत परियोजना प्रस्ताव आदिको आधारमा अनुदान उपलब्ध गराउनु पर्दछ ।

३. **भूमि व्यवस्थापन तथा जग्गा अभिलेख -** भूमिमा रहेको दोहोरो स्वामित्वको अन्त गर्ने, किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि व्यवस्थापन, जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि, भू-उपयोग नीति तथा कानुन, भूमिको उत्पादनशीलता र समुचित उपयोग, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्न जग्गाको अभिलेख व्यवस्थापन गर्नुपर्दछ ।

यो वर्ष मन्त्रालयबाट प्राप्त प्रगति विवरणअनुसार भूमिसम्बन्धी समस्या (वाढीपीडित, भूमिहीन, सुकुम्बासी र गुठी) पहिचान गरी रणनैतिक योजना तयारी कार्यको सुरुवात गरेको छ । त्यसैगरि कृषि व्यवसायमा आधारित सहकारी संस्थाको व्यवसायमा टेवा पुऱ्याउन दुग्ध संकलन केन्द्र, तरकारी संकलन केन्द्र, सोलार स्टोर निर्माण, भवन निर्माण तथा मर्मत संभार लगायतका कार्यक्रम सञ्चालन गरी रु.२ करोड २० लाख खर्च गरेको छ । अनुदान पाउने संस्थाहरु छनौटको आधार एवं मापदण्ड, दीर्घकालीन कार्ययोजना, उत्पादित वस्तुको खपत एवं लाभान्वित जनसंख्या आदिको सम्बन्धमा गहन अध्ययन गरेर मात्र अनुदान उपलब्ध गराउनु पर्दछ ।

- **वेरुजू स्थिति-** यो वर्ष मन्त्रालयको लगती बेरुजू रहेको छैन । यस सम्बन्धी विवरण **अनुसूची-३** मा छ ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेशस्तरको सडक ऊर्जा विद्युत, सिँचाइ, खानेपानी जल उत्पन्न प्रकोप र (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.१ करोड ४७ लाख ८९ हजार, धरौटी रु.३८ हजार र अन्य कारोबार रु.१० लाख समेत रु.१ करोड ५८ लाख २७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छः

१. **राजस्व लेखा र राजस्व दाखिला -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३ मा प्रदेश सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि तोकिएको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारले राजस्व खाताको कोड नम्बर तोकी दिनुपर्नेमा तोकेको देखिएन । जसले गर्दा प्रदेश सरकारको राजस्व बापत प्राप्त भएका रकमहरु प्रदेशकै राजस्व खातामा दाखिला हुन सकेको छैन । मन्त्रालयले सिलबन्दी दरभाउपत्र बिक्रीबापत प्राप्त गरेको राजस्व रु.१४ हजार प्रदेश लेखा नियन्त्रक कार्यालयको धरौटी खातामा जम्मा भएको छ । यसलाई राजस्व शीर्षकमा जम्मा गर्नुपर्दछ ।

- **वेरुजूस्थिति-** यो वर्ष मन्त्रालयको लगती बेरुजू रु. ५६ हजार रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-३** मा छ ।

# सामाजिक विकास मन्त्रालय

प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्थासम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन खेलखूद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड ४४ लाख १० हजार, धरौटी रु.६१ हजार र अन्य कारोबार रु.७ लाखसमेत रु.२ करोड ५१ लाख ७१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **बजेटको कार्यान्वयन -** प्रदेश सरकारले आफूले प्रस्तुत गरेको बजेटमा उल्लिखित विषयहरुलाई कार्यान्वयन गर्नुपर्दछ । प्रदेश सभाको २०७५।१।१३ को बैठकमा प्रस्तुत बजेटमा क्षेत्रगत मन्त्रालयहरुले कार्यान्वयन गर्नुपर्ने नीति तथा कार्यक्रमहरु उल्लेख भएका छन् । क्षेत्रगतरुपमा तोकिएका नीति तथा कार्यक्रमहरुमध्ये यो मन्त्रालयसँग सम्बन्धित प्रत्येक जिल्लालाई प्राविधिक शिक्षामैत्री बनाउन जिल्ला सदरमुकाम र प्रत्येक स्थानीय तहमा प्राविधिक शिक्षालय स्थापना गर्ने सम्बन्धमा कार्य पद्धतिको सम्भाव्यता अध्ययन गरी कार्य मोडालिटी यकिन गर्ने, स्थानीय तहसँग समन्वय गरी हिउँदको समयमा हिमाली क्षेत्रका छात्र-छात्रहरुलाई पठन पाठन नरोकिने व्यवस्था मिलाउन घुम्ती विद्यालयहरु संचालनका लागि पूर्व सम्भाव्यता अध्ययन गरी कार्ययोजना तयार गर्ने, जीवन उपयोगी, व्यवसायिक, स्थानीय प्रविधिमैत्री, समाजको मागमा आधारित, स्थानीय र विश्व बजारमा खपत हुन सक्ने जनशक्ति उत्पादन गर्न प्रदेश प्राविधिक तथा सहकारी विद्यालयहरु स्थापना गरी संचालन गर्न सम्भाव्यता अध्ययन गर्ने, प्रदेशबाटै शिक्षक अनुमतिपत्र, विद्यार्थीको अनुपातमा कक्षागत र विषयगत शिक्षकको व्यवस्था, गुणस्तरीय शिक्षाको लागि अध्ययन अनुसन्धान तथा व्यवस्थापन गर्न प्रादेशिक शिक्षक सेवा आयोग गठन सम्बन्धमा अध्ययन गरी कार्यान्वयनमा ल्याउने, हिमाली वातावरणको संरक्षणका लागि "हिमाल बचाउ अभियान" कार्यक्रम सञ्चालन गर्न रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने र श्रम बजारमा उपलब्ध जनशक्तिलाई माटो सुहाउँदो तालिम प्रदान गरी बजार माग अनुरुप आपूर्ति गर्ने व्यवस्था मिलाउँन "रोजगार विनिमय केन्द्र" स्थापना गरी कार्यान्वयनमा ल्याउने कार्यक्रमहरु रहेकोमा कार्यान्वयन भएको देखिएन । बजेटमा उल्लिखित विषयहरु कार्यान्वयन नहुँदा प्रदेश सरकारले लिएको प्रादेशिक विकास लक्ष्य पूरा हुन सक्दैन ।

२. **रारा पर्यटन वर्ष २०७५-** कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्को २०७४।११।२६ को निर्णयले कर्णाली रारा पर्यटन वर्ष २०७५ को शुभारम्भ २०७५।१।१ मा गर्ने निर्णय गरेको थियो । सो अनुसार विभिन्न विषयका खर्चहरुमध्ये प्रचार प्रसार एवं स्वास्थ्य व्यवस्थापन कामको जिम्मेवारीसहित रु.७ लाख उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यो मन्त्रालयलाई प्राप्त भएको थियो । तदनुरुप प्रदेशअन्तगर्तका १० जिल्लाका विभिन्न २१ एफ.एम हरुलाई पर्यटन वर्षको प्रचार प्रसार बापत रु.१० हजारदेखि रु.१ लाख ६९ हजार ५०० सम्म गरी रु.६ लाख ९७ हजार खर्च गरेको छ । मन्त्रालयले एफ.एम.हरुसँग प्रसारण गर्नुपर्ने सूचना, प्रसारण अवधि, प्रसारण गर्नुपर्ने दिन, रकम आदि खुलाई सम्झौता गरी प्रसारण गरेको प्रमाणको आधारमा खर्च लेख्नुपर्नेमा प्रसारणको आधिकारिक प्रमाण तथा भुक्तानी दिनुपर्ने रकम यकिन नगरी सिधै भुक्तानी दिएको देखिँदा खर्च नियमित देखिएन ।

- **बेरुजूस्थिति-** यो वर्ष मन्त्रालयको रु.६३ हजार लगती बेरुजू रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-३** मा छ ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.**९** लाख **८७** हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट उल्लेखनीय बेरुजू देखिएको छैन ।यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# परिच्छेद ४
# प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था अनुसार बेरुजूको कारबाहीको विवरण देहाय अनुसार प्राप्त भएको छ ।

| सि.नं. | निकायको विवरण | प्रारम्भिक प्रतिवेदन दिएको मिति | प्रतिक्रिया प्राप्त | फछ्र्यौट | अन्तिम प्रतिवेदन जारी मिति |
|---|---|---|---|---|---|
| १. | प्रदेश सभा सचिवालय, सुर्खेत | २०७५/१०/०१ | २०७५/११/१७ | - | २०७५/१२/०४ |
| २. | मुख्य न्यायाधिवक्ताको कार्यालय | २०७५/०९/२५ | - | - | - |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २०७५/१०/०१ | २०७५/१२/१२ | - | २०७५/१२/०४ |
| ४. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २०७५/१०/०१ | २०७५/११/२२ | - | २०७५/१२/०४ |
| ५. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २०७५/१०/०१ | - | - | २०७५/१२/०४ |
| ६. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २०७५/१०/०१ | २०७५/११/१७ | - | २०७५/१२/०४ |
| ७. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २०७५/१०/०१ | २०७५/१२/०८ | - | २०७५/१२/०४ |
| ८. | भौतिक पूर्वाधार विकास मन्त्रालय | २०७५/१०/०१ | २०७५/११/१९ | - | २०७५/१२/०४ |
| ९. | सामाजिक विकास मन्त्रालय | २०७५/१०/०१ | - | - | २०७५/१२/०४ |
| १०. | प्रदेश लेखा नियन्त्रक कार्यालय | २०७५/०९/२५ | - | - | - |

# परिच्छेद-५
# सुधारका क्षेत्रहरु

१. **बजेट कार्यान्वयन -** बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ । चालुखर्च नियन्त्रण गर्न मितव्ययितासम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागू गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ । प्रदेश सञ्चित कोषबाट प्रदान गरिने सबै प्रकारका अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी रकमको सदुपयोग सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२. **आयोजना व्यवस्थापन -** संभाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कनलगायत विभिन्न चरणमा ध्यान दिर्दै आयोजना सञ्चालन गर्नुपर्दछ । प्रदेश गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनाको छनौट गरी पुँजीगत खर्चलाई उपलब्धिमूलक क्षेत्रमा खर्च हुने व्यवस्था मिलाउनु पर्दछ ।

३. **सार्वजनिक खरिद -** सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाई प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्नु पर्दछ । खरिद योजनाको कडाइका साथ पालना गर्नुपर्दछ । परामर्श सेवा र डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट गरिने खरिद कार्यको लागत अनुमान तयार गर्ने नर्म्स वा आधार निर्धारण गर्नुपर्ने देखिन्छ ।

४. **राजस्व संकलन -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्र पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्कलगायतका क्षेत्र परिचालन गरी राजस्व संकलन गर्नुपर्दछ ।

५. **सगंठनात्मक व्यवस्था र सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । यसैगरि सबै तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई सयन्त्रको व्यवस्था र आवधिकरुपमा सार्वजनिक सुनुवाई गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

६. **लेखाङ्कन तथा प्रतिवेदन प्रणाली -** सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेपसास) प्रदेश तहमासमेत कार्यान्वयनमा ल्याउनु पर्दछ । प्रदेश तहको सञ्चित कोष हिसाब तयार गर्ने ढाँचा लगायत प्रदेश तहमा प्रयोग हुने लेखाको ढाँचा महालेखापरीक्षकबाट स्वीकृत गराई लागू गर्नुपर्दछ । स्वीकृत गराई कार्यान्वयनमा ल्याउनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण प्रणाली -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्यलाई मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढँगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्दछ ।

८. **प्रदेश कानुन -** संविधानको धारा ५७(६) मा प्रदेश सभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनु पर्ने र संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने उल्लेख भएकोले प्रदेशबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नुपर्दछ ।

९. **प्रदेश तहको वित्तीय व्यवस्थापन -** प्रदेश तहको वित्तीय व्यवस्थापनमा सुधार गर्न खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आवद्ध गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने, प्रदेश गौरवका आयोजना र प्राथमिकता प्राप्त आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । नेपालको संविधान बमोजिम प्रदेशस्तरबाट निर्माण हुने कानून संघीय कानूनसँग सामन्जस्यता हुने गरी निर्माण गर्ने र सबै पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गरी लागु गर्नुपर्दछ । प्रचलित कानून

बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्ने र सेवाग्राहीको समय र लागत घटाउन उपयुक्त सेवा प्रवाह प्रणालीको अवलम्बन गर्नुपर्दछ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व संकलनलाई प्रभावकारी बनाउनुपर्दछ । महालेखापरीक्षकको स्वीकृत ढाँचामा प्रदेश तहको संचित कोष हिसाब तयार गर्ने, प्रदेश तहको वार्षिक लेखापरीक्षण प्रतिवेदन प्रदेश सभा मार्फत विषयगत सार्वजनिक लेखा समितिमा प्रस्तुत गरी छलफल गर्ने व्यबस्था मिलाउनु पर्दछ ।

अनुसूची - १

## लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण

**(विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय/ निकाय/कार्यालयको नाम | कार्यालय संख्या | बेरुजू भएका कार्यालय संख्या | बेरुजू रकम |
|---|---|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | १ | १ | सैद्धान्तिक |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | १ | ५५ |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २ | १ | सैद्धान्तिक |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १ | १ | ३ |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १ | १ | सैद्धान्तिक |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १ | १ | सैद्धान्तिक |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | १ | ५६ |
| ८. | सामाजिक विकास मन्त्रालय | १ | १ | ६३ |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | - | - |
| | **जम्मा** | **१०** | **८** | **१७७** |

**अनुसूची - २**

# लेखापरीक्षण रकम

(रु. हजारमा)

| क्र.सं. | कार्यालयको नाम | बिनियोजन | | | | राजस्व | | | | धरौटी | | | | अन्य कारोबार | | | | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | |
| | | ईकाई | रकम | ईकाई | रकम | ईकाई | रकम | ईकाई | रकम | ईकाई | रकम | ईकाई | रकम | ईकाई | रकम | ईकाई | रकम | |
| १. | प्रदेश सभा सचिवालय | १ | ४५६७० | १ | ४५६७० | ० | ० | ०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४५६७० |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १ | २४०१३ | १ | २४०१३ | ० | ० | ० | ० | १ | ८५ | १ | ८५ | ० | ० | ० | ० | २४०९८ |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १ | १७८८६ | १ | १७८८६ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ३ | १ | ३ | १७८८९ |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १ | १८९२५ | १ | १८९२५ | ० | ० | ० | ० | १ | ३३ | १ | ३३ | १ | ९६३ | १ | ९६३ | १९९२१ |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १ | २१६६९ | १ | २१६६९ | ० | ० | ० | ० | १ | १०४ | १ | १०४ | १ | ३८९ | १ | ३८९ | २२१६२ |
| ६. | भूमि व्यवस्था, कृषि  तथा सहकारी मन्त्रालय | १ | ६५४७६ | १ | ६५४७६ | ० | ० | ० | ० | १ | १५२ | १ | १५२ | ० | ० | ० | ० | ६५६२८ |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | १४७८९ | १ | १४७८९ | ० | ० | ० | ० | १ | ३८ | १ | ३८ | १ | १००० | १ | १००० | १५८२७ |
| ८. | सामाजिक विकास मन्त्रालय | १ | २४४१० | १ | २४४१० | ० | ० | ० | ० | १ | ६१ | १ | ६१ | १ | ७०० | १ | ७०० | २५१७१ |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | ९८७ | १ | ९८७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ९८७ |
| १० | प्रदेश लेखा नियन्त्रक कार्यालय | १ | ४९९ | १ | ४९९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४९९ |
| | **जम्मा** | **१०** | **२३४३२४** | **१०** | **२३४३२४** | **०** | **०** | **०** | **०** | **६** | **४७३** | **६** | **४७३** | **५** | **३०५५** | **५** | **३०५५** | **२३७८५२** |

अनुसूची- ३

## बेरुजू वर्गीकरण

## विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार

(रु.हजारमा)

| क.सं. | कार्यालयको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बांकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १. | प्रदेश सभा सचिवालय | १० | - | - | | | | १० | - | - | | | | | | - | | | |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १६ | १ | ५५ | | | | १६ | १ | ५५ | | | ५५ | | | ५५ | | | |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ९ | - | - | | | | ९ | - | - | | | | | | - | | | |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ९ | १ | ३ | | | | ९ | १ | ३ | | | ३ | | | ३ | | | |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ९ | - | - | | | | ९ | - | - | | | | | | - | | | |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ११ | - | - | | | | ११ | - | - | | | | | | - | | | |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ८ | २ | ५६ | | | | ८ | २ | ५६ | ४२ | | १४ | | | १४ | - | - | - |
| ८. | सामाजिक विकास मन्त्रालय | १० | २ | ६३ | | | | १० | २ | ६३ | ६३ | | | | | - | | | |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | |
| १०. | प्रदेश लेखा नियन्त्रक कार्यालय | - | - | - | - | - | - | - | - | - | | | | | | - | | | |
| ११. | **कर्णाली प्रदेश मन्त्रालय तथा कार्यालयहरु सुर्खेत** | **८२** | **६** | **१७७** | **-** | **-** | **-** | **८२** | **६** | **१७७** | **१०५** | **-** | **७२** | **-** | **-** | **७२** | **-** | **-** | **-** |

अनुसूची-४

## लेखाउत्तरदायी अधिकृतहरुको विवरण र सो अवधिको

## बेरुजु स्थिति
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | मन्त्रालय । निकायको नाम | लेखाउत्तरदायी अधिकृतहरुको नामावली | अवधि | आर्थिक वर्ष २०७४।०७५ को कुल बेरुजु | सरकारी कार्यालयहरुको लेखापरिक्षण अंकको तुलनामा बेरुजु प्रतिशत | सरकारी कार्यालयहरुको लेखापरिक्षण अंक |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | सचिव श्री राजेश पौडेल | २०७४ माघदेखि २०७५असार | - | - | ४५६७० |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सचिव श्री यज्ञराज बोहरा | २०७४ फागुनदेखि २०७५ आषाढ | ५५.०० | ०.२३ | २४०९८ |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सचिव श्री ढुण्डी प्रसाद निरौला | २०७४ फागुनदेखि २०७५ आषाढ | - | - | १७८८९ |
| ४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सचिव श्री केशवराज आचार्य | २०७४।११।३ देखि२०७५।३।३२ | ३.०० | ०.०१ | १९९२१ |
| ५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सचिव श्री विद्यानाथ झा<br>नि.सचिव श्री विसेन्द्रराज सुवेदी | २०७४ फाल्गुणदेखि २०७५ असार | - | - | २२१६२ |
| ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सचिव श्री शिव नारायण चौधरी | २०७४११।६ देखि २०७५।३।३२ | - | - | ६५६२८ |
| ७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | सचिव श्री प्रकाशबहादुर रघुवंशी | २०७४।११।३ देखि २०७५।३।३२ | ५६.०० | ०.३५ | १५८२७ |
| ८ | सामाजिक विकास मन्त्रालय | सचिव श्री गिरिजा शर्मा | २०७४ फागुनदेखि २०७५ आषाढ | ६३.०० | ०.२५ | २५१७१ |
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | उ.न्या.व.श्री उत्तम वहादुर थापा | २०७५ जेष्ठदेखि असार | - | - | ९८७ |
| १० | प्रदेश लेखा नियन्त्रक कार्यालय | प्रदेश लेखा नियन्त्रक श्री गोविन्द प्रसाद सुवेदी | २०७५ जेष्ठदेखि असार | - | - | ४९९ |
| | **जम्मा** | | | **१७७.००** | **०.०७** | **२३७८५२** |

अनुसूची १

## प्रदेश सञ्चित कोषको प्राप्ती तथा भुक्तानीको एकीकृत आर्थिक विवरण

(रकम रु हजारमा)

| सि.नं | | | विवरण | आर्थिक वर्ष २०७४।७५ |
|---|---|---|---|---|
| १ | राजस्व तथा अनुदान | | | ० |
| | क) राजस्व | | | |
| | | अ | कर | |
| | | आ | अन्य राजस्व | |
| | | इ | गत वर्षको नगद मौज्दात तथा बैरुजु | |
| | ख) | | अनुदान | |
| | | अ | नगद अनुदान | |
| | | १. | चालु आ.व.को | १,०२,०५,०० |
| | | २. | गत आ.व.को | |
| | | आ | सोधभर्ना हुने गरी भएको खर्च रकमको सोधभर्ना प्राप्त | |
| | | १. | चालु आ.व.को | |
| | | २. | गत आ.व.को | |
| | | इ | सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) | |
| | | ई | वस्तुगत अनुदान | |
| २ | | | वित्तीय व्यवस्था | |
| | क | | ऋण लगानी फिर्ता | |
| | | अ | आन्तरीक ऋण लगानी फिर्ता | |
| | | आ | वैदेशिक ऋण लगानी फिर्ता | |
| | ख | | शेयर बिक्री | |
| | | अ | आन्तरिक शेयर बिक्री | |
| | | आ | वैदेशिक शेयर बिक्री | |
| | ग | | वैदेशिक ऋण प्राप्ती | |
| | | अ | नगद ऋण | |
| | | आ | सोधभर्ना हुने गरी भएको खर्च | |
| | | १ | चालु आ.व.को | |
| | | २ | गत आ.व.को | |
| | | इ | सोझै भुक्तानी (ऋण) | |
| | घ | | आन्तरिक ऋण प्राप्ती | |
| ३ | | | अन्य प्राप्ती | |
| | | अ | फ्रिज, ट्रान्सफर गरेको रकम गत वर्ष २०७३।७४ | |
| | | आ | क-२ खातामा रहेको रकम सञ्चित कोष दाखिला | |
| | | इ | शिक्षा विभागको अनुरोधमा डेनमार्क सहायताबाट प्राप्त | |
| | | | यो वर्षको जम्मा प्राप्ती: | १,०२,०५,०० |

| सि.नं | | | विवरण | आर्थिक वर्ष २०७४।७५ |
|---|---|---|---|---|
| १ | चालु वर्षको भुक्तानी | | | ० |
| | क) सञ्चितकोष माथि व्ययभार हुने रकममा | | | |
| | | अ | चालु खर्च | १४८३ |
| | | | पारिश्रमिक सुविधा ५,८६ | |
| | | | मालसमान तथा सेवाको उपयोग ८,९७ | |
| | | | ब्याज र सेवा खर्च | |

नि. प्रदेश लेखा निय

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सहायत (सबसिडी) | | |
| | | | अनुदान (ग्रान्ट) | | |
| | | | सामाजिक सुरक्षा | | |
| | | | अन्य | | |
| | | आ | **पुंजीगत खर्च** | | ०० |
| | ख | | विनियोजन ऐन द्वारा भएको खर्च | | |
| | | अ | **चालु खर्च** | | १२,११,९२ |
| | | | पारिश्रमिक सुविधा | ३,९४,२१ | |
| | | | मालसामान तथा सेवाको उपयोग | ७,५९,२९ | |
| | | | ब्याज र सेवा खर्च | | |
| | | | सहायत (सबसिडी) | | |
| | | | अनुदान (ग्रान्ट) | ३,५० | |
| | | | सामाजिक सुरक्षा | ३२,०५ | |
| | | | अन्य | २२,८३ | |
| | | आ | **पुंजीगत खर्च** | | ११,१६,४९ |
| २ | | | **वित्तीय व्यवस्था अन्तर्गतको भुक्तानी** | | |
| | क | | संचितको माथि व्ययभार हुने रकममा खर्च | | |
| | | अ | आन्तरीक ऋणको सांवा भुक्तानी | | |
| | | आ | बाह्य ऋणको सांवा भुक्तानी | | |
| | ख | | विनियोजन ऐन द्वारा भएको खर्च | | |
| | | अ | ऋण लगानी | | |
| | | १ | आन्तरीक ऋण लगानी | | |
| | | २ | वैदेशिक ऋण लगानी | | |
| | | आ | शेयर लगानी | | |
| | | १ | आन्तरीक शेयर लगानी | | |
| | | २ | वैदेशिक शेयर लगानी | | |
| ३ | | | यो.ले.नि.का बाट खर्च भैसकेको तथा बैंकबाट भुक्तानी नभएको रकम समायोजन | | २५ |
| | | | यो वर्षको जम्मा भुक्तानी | | २३,४२,९९ |
| ४ | | | गत वर्षको छुट भुक्तानी | | |
| | | | नगद परीवर्तन +− | | |
| | | | आर्थिक वर्षको शुरु मौज्दात | | |
| | | | आर्थिक वर्षको अन्तिम मौज्दात | | ७८,६२,०२ |

नि. प्रदेश लेखा नियन्त्र

# लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रमसँग सम्बन्धित तस्वीरहरु



*कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुख श्री दुर्गा केशर खनाल र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु*



*कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाही र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु*



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र कर्णाली प्रदेशका माननीय सभामुख श्री राजबहादुर शाही सहितका पदाधिकारीहरु



कर्णाली प्रदेश बिरेन्द्रनगर, सुर्खेतमा आयोजित लेखापरीक्षण अन्तरक्रिया कार्यक्रममा सहभागी पदाधिकारीहरु